# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ८) मुसिकोट,गुल्मी, फागुन १५ गते,२०८१ साल (संख्याः१४


# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिकाको नगरसभाले बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१

## प्रस्तावना

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्र भित्र रहि स्थानीय पूर्वाधार विकास निर्माण सम्बन्धी कार्य संचालनका लागि उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ मा आवश्यक संशोधन, परिमार्जन तथा एकिकृत गर्न आवश्यक देखिएकोले मुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ (१) बमोजिम कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " मुसिकोट नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ।

२. यो "कार्यविधि" नगर कार्यपालिकाले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

**३. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

(ख) "आयोजना" भन्नाले मुसिकोट नगरपालिका वा सो अन्तरगतको वडाबाट पूर्ण वा आंशिक लागत साझेदारीमा संचालित स्थानीय पूर्वाधार विकासका

योजना, आयोजना तथा कार्यक्रमलाई सम्झनु पर्दछ । र यसले मुसिकोट नगर सभाबाट स्वीकृत भएको गैर सरकारी संघ संस्था, गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाको आयोजना समेतलाई जनाउने छ ।

(ग) ‘‘उपभोक्ता’’ भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना संचालन हुने क्षेत्र भित्रका व्यक्ति तथा समुदायलाई जनाउने छ ।

(घ) ‘‘उपभोक्ता समिति’’ भन्नाले आयोजनाको निर्माण, संचालन, व्यवस्थापन र मर्मत संभार गर्नको लागि उपभोक्ताले आफूहरु मध्येबाट गठन गरेको समितिलाई सम्झनु पर्दछ ।

(ङ) ‘‘कार्यालय’’ भन्नाले मुसिकोट नगर कार्यपालिकाको कार्यालयलाई बुझाउने छ । सो शब्दले मुसिकोट नगरपालिकाका वडा कार्यालय समेतलाई बुझाउने छ ।

(च) ‘‘कार्यपालिका’’ भन्नाले नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) ‘‘ठूला मेशिनरी तथा उपकरण’’ भन्नाले वातावरणलाई अत्याधिक ह्रास पुऱ्याउने प्रकृतिका ठूला मेशिनरी, उपकरण(बुलडोजर, एक्साभेटर जस्ता) र श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेशिनरी तथा उपकरण सम्झनु पर्दछ ।

(ज) ‘‘पदाधिकारी’’ भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) ‘‘वडा’’ भन्नाले मुसिकोट नगरपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(ञ) ‘‘वडा अध्यक्ष’’ भन्नाले आयोजना संचालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) ‘‘सदस्य’’ भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउने छ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउने छ ।

(ठ) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, संचालन, व्यवस्थापन तथा मर्मत संभार गर्नको लागि कार्यालय र उपभोक्ता समिति बीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउने छ।

**४. कार्यविधिको पालना गर्नुपर्ने :** (१) नगरपालिका भित्र कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकासका आयोजनाको निर्माण, संचालन, मर्मत सम्भार कार्य गर्नको लागि गठन हुने उपभोक्ता समितिले पूर्णरुपमा यो कार्यविधिको पालना गर्नु पर्दछ।

(२) कुल लागत रु. १ करोड सम्म भएको स्थानीय पूर्वाधार विकासका आयोजना तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने स्थानीय पूर्वाधार विकास आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिने छ।

## परिच्छेद २

## उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन:

५. **उपभोक्ता समितिको चयन तथा गठन सम्बन्धी व्यवस्था** :(१)उपभोक्ता समितिको गठन देहाय बमोजिम गर्नु पर्नेछ।

(क) आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेला तथा अधिकतम सहभागिताबाट सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार (७ देखि ११ जना) सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्नेछ।

(ख) समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तीमा सात दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ।

(ग) नगरपालिका स्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समितिको गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(घ) वडास्तरीय आयोजना सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्दा सम्वन्धित वडाको वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

(ङ) उपभोक्ता समिति गठनको लागि बोलाईएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्नेछ ।

(च) उपभोक्ता समिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु पर्ने छ । समितिमा कम्तीमा ३३ (तेत्तीस) प्रतिशत महिला सदस्यको सुनिश्चितता भएको हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(छ) एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन । साथै सगोलका परिवारबाट एकजना भन्दा बढी व्यक्ति एउटै उपभोक्ता समितिको सदस्य हुन पाइने छैन ।

(ज) उपभोक्ता समितिको गठन सकेसम्म सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेमा उपभोक्ताहरुको बहुमतबाट उपभोक्ता समितिको गठन गरिने छ ।

(झ) उपभोक्ताहरुको लागत सहभागितामा सञ्चालन हुने आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ ।

(ञ) उपभोक्ता समितिले सम्झौता बमोजिम गर्नु पर्ने काम समिति आफैंले गर्नु गराउनु पर्नेछ । अन्य कुनै निर्माण व्यवसायी वा अन्य व्यक्ति वा सस्थालाई ठेक्कामा दिई गर्न गराउन पाइने छैन ।

(ट) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ मा उल्लेख घरधुरी लेखाजोखाको ढाँचाबाट लिई व्यवस्थित गर्नु पर्नेछ।

**६. उपभोक्ता समितिका सदस्यको योग्यता** :(१) उपभोक्ता समितिका सदस्यको योग्यता देहाय बमोजिम हुनु पर्नेछ।

(क) सम्बन्धित आयोजना क्षेत्रको स्थायी वासिन्दा।

(ख) १८ देखि ५९ बर्ष उमेर समुहका नेपाली नागरिक

(ग) फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

(घ) सरकारी बाँकी बक्यौता वा पेश्की फछ्यौंट गर्न बाँकी नरहेको।

(ङ) अन्य उपभोक्ता समितिमा सदस्य नरहेको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि जनप्रतिनिधि, राजनीतिक दलका पदाधिकारी, बहालवाला सरकारी कर्मचारी र शिक्षक उपभोक्ता समितिको सदस्यमा बस्न पाईने छैन।

**७. उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार:** उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने।

(ख) उपभोक्ताहरुलाई कार्यालयबाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने।

(ग) सम्झौता बमोजिम कार्य शुरु गर्दा कार्यालयबाट आवश्यक निर्देशन प्राप्त गर्नु पर्ने भए प्राप्त गरेर मात्र शुरु गर्ने।

(घ) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन र जिम्मेवारी बाँडफाँड गर्ने।

(ङ) उपभोक्ता समितिका सदस्यहरुको क्षमता विकास गर्ने ।

(च) सम्झौता बमोजिमको कामको परिमाण, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नु पर्ने देखिएमा समयमै सम्बन्धित कार्यालयलाई अनुरोध गर्ने ।

(छ) आयोजनाको दिगो व्यवस्थापन सम्बन्धी आवश्यक योजना निर्माण गरि कार्यान्वयन गर्ने ।

**८. उपभोक्ता समितिको पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार:** उपभोक्ता समितिले नगर कार्यपालिकासँग भएको सम्झौता बमोजिमको कार्य सम्पादन गर्दा कार्यालयले तोकेका शर्तहरुको अतिरिक्त निम्न दायित्वहरु वहन गर्नु पर्नेछ ।

(क) आयोजनाको दिगो व्यवस्थापनको लागि मर्मत संभार गर्ने सम्बन्धी आवश्यक योजना निर्माण तथा कार्यान्वयन गर्ने र गराउने ।

(ख) आयोजना कार्यान्वयनबाट पर्न सक्ने वातावरणीय सन्तुलन कायम गर्ने सम्बन्धी योजना बनाई कार्य गर्ने ।

(ग) आयोजनाको बिच बिचमा निर्माण कार्यको समिक्षा,

(घ) आयोजना कार्यान्वयनका लागि अन्य पक्षहरु जस्तैः वन कार्यालय, सामुदायिक वन, स्थानीय सहकारी संस्था, यूवा क्लव, नागरिक समाज साझेदार निकाय आदिसँग प्रभावकारी सम्पर्क तथा समन्वय गर्ने,

(ङ) सामाजिक सदभाव कायम राख्दै व्यवस्थित अभिलेख राख्न सहयोग, तथा असल नागरिकको आचरण पालना गर्नुपर्ने,

(च) आयोजनासँग सम्बन्धित बिल भरपाई तथा अभिलेख कार्यालयमा पेश गरि आयोजनाको सार्वजनिक लेखापरीक्षण, तथा आयोजना फरफारकको लागि सहयोग गर्ने साथै अनुसूचि ६ बमोजिम आयोजनाको भौतिक तथा

वित्तीय प्रतिवेदन तयार गर्न प्राविधिक तथा अन्य कर्मचारीलाई सहयोग गर्ने,

(छ) अन्य भैपरि आउने कार्य तथा समन्वय विस्तार गर्ने ।

**९. लाभग्राहीको काम, कर्तव्य र अधिकार:**

(क) सहयोगी संस्था लाई कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक सहयोग र सूचना उपलब्ध गराउने ।

(ख) खाद्य असुरक्षित समुदायका सदस्यहरु एव महिलाहरुको हित सुनिश्चित गर्न उपभोक्ता समितिका सदस्यहरु मनोनित गर्ने ।

(ग) परियोजना संचालनको लागि आवस्यक पर्ने उपकरण तथा औजार जुटाउन÷व्यवस्थापन र त्यसको सुरक्षा गर्नको लागि उपभोक्ता समितिलाई सहयोग गर्ने ।

(घ) पूर्वाधार निर्माण क्रियाकलापहरुमा सहभागी हुने ।

(ङ) आवश्यकता अनुसार स्वेच्छिक अनुदान उपलब्ध गराउने तथा यस्ता अनुदानको व्यवस्था गर्ने ।

(च) सार्वजनिक लेखापरीक्षणको बैठकमा उपस्थित हुने ।

(छ) सम्पन्न भएका पूर्वाधारहरुको सञ्चालन, मर्मत तथा सम्भार गर्ने ।

(ज) परियोजना संचालन भईरहेको कार्य स्थलमा लागुपदार्थ वा मद्यपान गरेर नआउने, कोही कसैलाई व्यक्तिगत हानीनोक्सानी हुने गतिविधि गर्न नदिने यदि कोही कसैले यस्तो कार्य गरि आएको खण्डमा उपभोक्ता समितिले त्यस्तो व्यक्तिको गल्तीको प्रकृति हेरी आवश्यक कार्वाहीका लागि सिफारिस गर्ने ।

(झ) हरेक लाभान्वित घरधुरीले कार्यक्रमको तर्फवाट अनुदान (ज्याला) प्राप्त गर्नको लागि कार्यक्रमले तोकेको आयोजनामा तोकिएको काम दिन (मात्रा) बरावरको काम अनिवार्य सम्पन्न गर्नुपर्नेछ (काम दिन भन्नाले संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहले तोकेको स्तरीय मापदण्ड बुझ्नु पर्दछ)।

## परिच्छेद ३

## कार्यान्वयन तथा व्यवस्थापन

**१०. आयोजनाको कार्यान्वयन:** (१) नगरपालिकाले आ.व. शुरु भएको १५ दिन भित्र उपभोक्ता समितिबाट संचालन हुने स्थानीय पूर्वाधार विकासका आयोजना, परियोजना तथा कार्यक्रमहरु पहिचान÷छनौट गरि कार्यान्वयन योजना निर्माण गर्नु पर्नेछ। उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ, डिजाईन, लागत अनुमान (अङ्ग्रेजी वा नेपाली भाषामा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलब्ध गराउनु पर्नेछ।

(२) आयोजनाको कार्यान्वयनको लागि उपभोक्ता समिति र नगरपालिका बीचको सम्झौता स्थानीय पूर्वाधार विकास आयोजना संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१ मा उल्लेख भए बमोजिमको ढाँचामा हुनेछ। सम्झौताको विस्तृत विवरण अनुसूचि २ मा उल्लेख गरिएको छ।

(३) आयोजनाको प्रकृति हेरी नगरपालिकाले लागत सहभागिताको ढाँचा र अनुपात (नगद वा श्रमदान वा वस्तुगत) तोक्नु पर्नेछ।

**११. आयोजना सम्झौताको लागि आवश्यक कागजातहरु :** (१) उपभोक्ता समितिले नगरपालिकासँग सम्झौता गर्दा तपशिलमा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

(क) उपभोक्ता समिति गठन गर्ने आम भेलाको निर्णयको प्रतिलिपि,

(ख) उपभोक्ता समितिका सदस्यहरुको नागरिकताको प्रतिलिपि,

(ग) आयोजनाको लागत अनुमान विवरण,

(घ) उपभोक्ता समितिबाट सम्झौताको लागि जिम्मेवार पदाधिकारी तोकिएको उपभोक्ता समितिको निर्णय,

(ङ) आयोजनाको कार्यान्वयनको कार्य तालिका,

(च) खाता संचालन गर्ने पदाधिकारी तोकिएको निर्णय र खाता संचालनको लागि आवश्यक कागजातहरु ।

**१२. उपभोक्ता समितिको क्षमता विकास:** (१) कार्यालयले आयोजनाको कार्यान्वयन अगावै उपभोक्ता समितिका पदाधिकारीहरु तथा लाभग्राहीलाई देहायका विषयवस्तु समेटेर निर्माण पूर्व तालिम दिनु पर्नेछ ।

(क) उपभोक्ता समितिको काम, कर्तब्य र अधिकार,

(ख) सम्पादन गर्नु पर्ने कामको विवरण, काम सम्पन्न गर्नुपर्ने अवधि, लागत र उपभोक्ताको योगदान,

(ग) निर्माण सामग्रीको गुणस्तर र परिमाण,

(घ) खरिद, रकम निकासा प्रकृया, खर्चको लेखाङ्कन र अभिलेख व्यवस्थापन,

(ङ) कार्यान्वयन र अनुगमन प्रकृया,

(च) सार्वजनिक लेखा परीक्षण, योजनाको फरफारक र हस्तान्तरण ।

**१३. उपभोक्ता समितिको खाता संचालन तथा परिचालन**: (१) उपभोक्ता समितिको खाता नगरपालिकाले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) खाता सञ्चालकहरु मध्ये कम्तीमा एकजना महिला हुनु पर्नेछ ।

**१४. भुक्तानी प्रकृया:** (१) स्थानीय पूर्वाधार विकास आयोजनाको भुक्तानी गर्दा उपभोक्ता समिति, आपुर्तिकर्ता तथा कामदारको नाममा रहेको बैंक खाता मार्फत दिनु पर्नेछ । नगरपालिकाले स्थानीय पूर्वाधार विकास आयोजनाको सम्पूर्ण भुक्तानी विद्युतीय भुक्तानी प्रणाली वा चेक मार्फत मात्र गर्नु पर्नेछ ।

(२) उपभोक्ता समिति तथा कामदारलाई सम्झौता बमोजिमको कामको प्राविधिक मूल्यांकन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजातको आधारमा किस्तागत र अन्तिम भुक्तानी दिईने छ तर आपुर्तिकर्तालाई भुक्तानी गर्दा सम्झौतामा उल्लेख भए बमोजिमको सामग्रीको परिमाण तथा प्राविधिक कर्मचारीबाट गुणस्तरको एकिन गरि तोकिए बमोजिम पाईएमा भुक्तानी दिईनेछ ।

(३) उपभोक्ता समितिले भुक्तानीको माग गर्दा, कार्य सम्पादन गरेको काम र भएको खर्चको विवरण समितिको बैठकबाट निर्णय गरि सो को प्रतिलिपि सहित अन्य आवश्यक कागजात कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) स्थानीय पूर्वाधार विकासका आयोजनाको अन्तिम भुक्तानी हुनु भन्दा अगावै नगरपालिकाबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । यसरी भएको अनुगमनको प्रतिवेदन तथा अनुगमन फोटोको आधारमा अन्तिम किस्ता भुक्तानी दिईने छ ।

(५) आयोजना सम्पन्न भई फरफारक गर्नु भन्दा अगावै उपभोक्ता समितिले अनिवार्य रुपमा नगरपालिका वा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गर्नु पर्नेछ । सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा अनुसूचि ३ बमोजिम हुनेछ ।

(६) उपभोक्ता समिति आफूले वा उपभोक्ता समिति अन्तरगतका लाभग्राहीले प्रत्येक किस्तामा गरेको खर्चको प्रमाणित समितिको बैठकबाट सबै

लाभग्राहीलाई गराई सो को सूचना अनुसूचि ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नु पर्नेछ।

(७) उपभोक्ता समितिले आयोजनाको शुरु गर्नु भन्दा अगावै आयोजनाको नाम, कुल लागत, लागत साझेदारीको अवस्था, खरिद गर्नु पर्ने सामग्री, काम शुरु र सम्पन्न गर्नु पर्ने अवधि आदिको विवरण अनुसूचि ५ को ढाँचामा तयार गरि सबैले देख्ने ठाउँमा आयोजनाको सूचना पाटी टाँस गर्नु पर्नेछ।

(८) उपभोक्ता समितिलाई सम्बन्धित नगरपालिकाले ड्रइङ्ग, डिजाईन, लागत अनुमान तयार गर्ने, प्राविधिक सल्लाह दिने, जाँचपास गर्ने लगायत अन्य प्राविधिक सहयोग तथा सामाजिक सहजिकरण उपलब्ध गराउनेछ।

(९) उपभोक्ता समितिलाई लागत अनुमानमा उल्लेख भएका सुरक्षाका सामाग्री, प्राथमिक उपचार बाकस, हाते औजार, बाह्य निर्माण सामाग्री, तथा अन्य उपकरणहरु सम्बन्धित नगरपालिका तथा वडा कार्यालयले उपलब्ध गराउनु पर्नेछ। सम्बन्धित कार्यालयले प्रचलित कानूनको अधिनमा रहि सामाग्रीको खरिद, दाखिला, रकम भुक्तानी तथा सामग्रीको हस्तान्तरण गर्नु पर्नेछ।

तर लागत अनुमानमा समावेश भएका स्थानीय स्तरमा उपलब्ध हुन सक्ने निर्माण सामाग्री जस्तैः ढुङ्गा, माटो, बालुवा, गिट्टी, काठ, हाते औजार, इटा, कम परिमाणको रड र अन्य कामसँग सम्बन्धित भैपरीआउने सामाग्रीहरु उपभोक्ता समिति आफैले खरिद गरी कार्य सम्पन्न पश्चात् प्रमाणित बिल भरपाईका आधारमा उपभोक्ता समितिलाई भुक्तानी दिन यस उपदफाले बाधा पार्ने छैन।

(१०) उपभोक्ता समितिबाट निर्माण हुने आयोजनाहरुको प्रभावकारी कार्यान्वयन, गुणस्तर कायम गर्ने गराउने दायित्व र जिम्मेवारी जनप्रतिनिधि, सम्बन्धित

प्राविधिक कर्मचारी, प्रशासनिक कर्मचारी, उपभोक्ता समिति र अनुगमन समितिको हुनेछ।

(११) अनुकरणीय कार्य गर्ने उपभोक्ता समिति, प्राविधिक कर्मचारी, सम्बन्धित कर्मचारीलाई सभाको निर्णय बमोजिम वार्षिक रुपमा उचित पुरस्कार प्रदान गर्न सकिनेछ।

(१२) विविध कारणवस तोकिएको समयमा उपभोक्ता समिति गठन हुन नसकेमा, गठन भई सम्झौता हुन नसकेमा वा सम्झौताको शर्त बमोजिम कार्य सम्पादन हुन नसकेमा नगरपालिकाले अन्य प्रकृया अपनाई काम सम्पन्न गराउन सक्नेछ । यस्तो भुक्तानी नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

(१३) स्थानीय पूर्वाधार विकास आयोजना कार्यान्वयन गर्दा उक्त आयोजनासँग सम्बन्धित लाभग्राही, उपभोक्ता समितिको अभिमूखिकरण, क्षमता विकास, आयोजनाको समीक्षा, जनलेखा परीक्षण, स्टेशनरी, प्राविधिक अनुगमनका लागि कूल लागतको बढिमा ३ (तीन) प्रतिशत कन्टिन्जेन्सी रकम विनियोजन तथा वास्तविक खर्चका आधारमा नगरपालिकाले भुक्तानी गर्न सक्नेछ।

**१५. निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्नेः** उपभोक्ता समितिबाट संचालन हुने स्थानीय पूर्वाधार विकास आयोजनाको गुणस्तर सुनिश्चित गर्नु सम्बन्धित उपभोक्ता समितिको कर्तब्य हुनेछ। गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

(क) निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया नगरपालिकाको कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ।

(ग) निर्माण कार्यको दिगोपनाः उपभोक्ता समितिबाट कार्यान्वयन भएको योजनाको दिगोपनाको लागि सम्बन्धित उपभोक्ता समितिले मर्मत संभार समितिको निर्माण गरि उक्त योजनाको मर्मत सम्भार योजना तयार गरि नियमित मर्मत संभार गर्ने व्यवस्था गर्नु पर्नेछ।

(घ) गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारीः उपभोक्ता समिति मार्फत हुने कामको निर्धारित गुणस्तर कायम गर्ने जिम्मेवारी सम्बन्धित कार्यका लागि कार्यालयबाट खटिएका प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ।

(ङ) लगत राख्नु पर्ने: उपभोक्ता समितिबाट हुने कामको सम्झौता बमोजिमको स्थानीय तथा बाह्य सामाग्री, सुरक्षण सामाग्री, निर्माण कार्यको दैनिक हाजिरी विवरण आदिको अभिलेख व्यवस्थित र स्पष्ट राख्नु पर्नेछ यदि उपभोक्ता समितिले तोकिएका विवरण स्पष्ट नराखेमा, समयमा कार्य सम्पन्न नगरेमा, लागत विवरण पारदर्शि रुपमा नराखेमा र काम गुणस्तरीय नभएमा उपभोक्ता समिति तथा सम्बन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ। त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रहि काम गर्न निषेध गर्नेछ।

**१६. अनुगमन समितिको व्यवस्था:** (१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न यस नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०८१ ले व्यवस्था गरे बमोजिम हुनेछ।

(२) अनुगमन समितिको काम, कर्तब्य अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजनाको कार्यान्वयनमा सहजिकरण गर्ने तथा देखिएका वाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने,

(ख) आयोजना कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको यकीन गर्ने, नगरेको पाईएमा सम्बन्धित पक्षलाई सचेत गराउने,

(ग) आयोजनासँग सम्बन्धित प्राविधिक तथा अन्य कर्मचारी आयोजना स्थलमा बसी उपभोक्ता समिति तथा कामदारहरुलाई काममा सहजिकरण गरे नगरेको यकीन गर्ने,

(घ) आयोजनाको कार्य अनुसार समयमा भुक्तानी भए नभएको यकीन गर्ने यदि भुक्तानी नभएको खण्डमा भुक्तानीका लागि आवश्यक निर्देशन दिने,

(ङ) आयोजना स्थलमा उपलब्ध गराईएका हाते औजार, सुरक्षण सामाग्री तथा प्राथमिक उपचारको सहि सदुपयोग भए नभएको हेर्ने तथा यदि सहि सदुपयोग नभएको खण्डमा तत्काल प्रयोग गर्नका लागि निर्देशन दिने,

(च) आवश्यक अन्य कार्य गर्ने ।

## परिच्छेद ४

## विविध

**१७. सुरक्षाका सामाग्री, हाते औजार तथा वाह्य निर्माण सामाग्रीको खरिदः**

(१) स्थानीय पूर्वाधार विकासका आयोजनाहरु कार्यान्वयन गर्दा लाभग्राही (कामदार) को सुरक्षालाई मध्यनजर राखि कामदारको पाँच (५) लाख सम्मको बिमा, प्राथमिक उपचार किटको व्यवस्था तथा अन्य सुरक्षाका सामाग्रीहरु जस्तै हेल्मेट, गमबुट, चश्मा, मास्क, पन्जा, सुरक्षण जाकेट आदिको व्यवस्था नगरपालिकाले गर्नेछ ।

(२) उपभोक्ता समिति मार्फत संचालन हुने निर्माण कार्यको प्रभावकारिता, कार्य दक्षता÷क्षमता वृद्धि गर्न, तथा गुणस्तर कायम गर्नका लागि निर्माणसँग सम्बन्धित विभिन्न हाते औजार तथा उपकरणहरु नगरपालिकाले उपलब्ध गराउने छ।

(३) स्थानीय पूर्वाधार विकास आयोजनाको प्रभावकारी कार्यान्वयन, गुणस्तर कायम, तथा दीगो व्यवस्थापन गर्नका लागि आवश्यक बाह्य निर्माण सामाग्रीहरु नगरपालिकाले समय मै उपलब्ध गराउनु पर्नेछ।

(४) नगरपालिकाले खरिद गरि उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने सुरक्षाका सामाग्री तथा हाते औजारमा कुल अनुमानित लागतको तीन (३) प्रतिशत र बाह्य निर्माण सामाग्रीका लागि अधिकतम पच्चीस (२५) प्रतिशत रकम मात्र खर्च गर्न सक्नेछ।

**१८. अन्य संस्था तथा फर्मबाट कार्य गराउन सकिने**: यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन गरिने स्थानीय पूर्वाधार विकास आयोजनाको कुनै खण्ड निर्माण गर्न प्राविधिक कठिनाई वा असहजता आएको खण्डमा नगरपालिकाले अन्य संस्था, फर्मलाई उक्त खण्डको निर्माण गर्न आवश्यक प्रक्रिया अगाडी बढाउन सक्नेछ। यसरी निर्माण गराउदा उक्त खण्डको लागतलाई पुनरावलोकन गरि सोहि बमोजिम उक्त संस्था वा फर्मलाई दिन सकिनेछ तर उक्त संस्था तथा फर्मले निर्माण कार्र्य संचानल गर्दा सामाजिक सदभाव, प्राकृतिक श्रोतको संरक्षण, वातावरणीय तथा जलवायू अनुकुलन हुने गरि निर्माण कार्य गर्नु गराउनु पर्नेछ

**१९. सहजिकरण र सहयोग गर्नु पर्ने:** स्थानीय पूर्वाधार विकासका आयोजनाको प्रभावकारी कार्यान्वयन, सुपरिवेक्षण, तथा अनुगमन÷निरिक्षण गर्न कार्यालयले प्राविधिक तथा अन्य कर्मचारीलाई आयोजना निर्माण स्थलमा नियमित खटाउनु पर्नेछ। आयोजनाका लागि खटिएका कर्मचारीहरुले नगरपालिकामा मासिक प्रगति विवरण उपलब्ध

गराउनु पर्नेछ । यसका साथै नगरपालिका स्थित अनुगमन समितिले नियमित अनुगमन गरि कार्यान्वयनमा थप टेवा पुऱ्याउनु पर्नेछ।

**२०. मापदण्ड बनाउन सक्ने:** (१) स्थानीय पूर्वाधार विकास आयोजनाको गुणस्तर सुनिश्चितताको लागि नगरपालिकाले अनुगमन, तथा मूल्यांकन गरी सम्बन्धित उपभोक्ता समितिलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ।

(२) उपभोक्ता समितिबाट संचालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनाको लागि कार्यालयले थप मापदण्द तथा मार्गदर्शन बनाई लागू गर्न सक्नेछ।

## परिच्छेद — ५

## खारेजी तथा बचाउ

२१. यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार अन्यमा प्रचलित कानुन वमोजिम हुनेछ । प्रचलित कानुनसँग बाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछ।

२२. उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४ खारेज गरिएको छ।

# अनुसूचीहरू

## अनूसूचि १ : लाभग्राहीको विस्तृत विवरण

वडा नं. टोल वा बस्तीको नामः

जम्मा घरधुरी संख्याः

| क्र.सं. | घरमुलीको नाम (हालको) | लिङ्ग | यदि घरमुली महिला भएमा (एकल/विधुवा/सम्बन्ध विच्छेद खुलाउने) | जातजाती (सरकारी वर्गिकरण अनुसार) | परिवार सदस्य संख्या | | | ० देखि २३ महिना | | २४ देखि ५९ महिना | | ५ देखि ११ वर्ष | | १२ देखि १७ वर्ष | | १८ देखि ५९ वर्ष | | ६० देखि माथि | | गर्भवती, सुत्केरी महिला, अपांगता भएका, गम्भिर खालका रोगग्रस्त संख्या | | | | पारिवारिक आयको श्रोत | | | | | | | | | पारिवारिक आय तथा उत्पादनले बर्षभरि खाना तथा अन्य आधारभुत आवश्यकता पुरा गर्न र्प्याप्ता (छ/छैन) | पारिवारिक आय तथा उत्पादनले खान पुग्ने महिना | जग्गाको स्वामित्व (रोपनीमा) | | | जलवायूजन्य प्रकोप जोखिमको सम्भावना (छ/छैन), छ भने कस्तो जोखिम हो, खुलाउने | खाद्य सुरक्षाका दृष्टिकोणले घरधुरीको संकटासन्नता/विपन्नता बर्गिकरण १. अति जोखिमपूर्ण २. मध्यम् जोखिमपूर्ण ३. आंशिक जोखिमपुर्ण ४. तुलनात्मक रुपमा सुरक्षित | खाता नं. | बैंकको नाम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | गर्भवती | सुत्केरी (६ महिना सम्म) | अपांगता भएका (क देखी घ कन वर्ग हो) | गम्भिर खाले रोग ग्रस्त | सरकारी जागिर | अन्य जागिर | व्यापार/व्यवसाय | कृषि तथा पशुपालन | जडिबुटी संकलन | वैदेशिक रोजगार (भारत) | वैदेशिक रोजगार (अन्य | दैनिक ज्याला/मजदुरी | अन्य | | | आफ्नो जग्गा (खेत) | आफ्नो जग्गा (पाखोबारी) | अधिया | | | | |
| १ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूचि २: उपभोक्ता समितिसँगको सम्झौता विवरण

(स्थानीय पूर्वाधार विकास आयोजना संचालन कार्यविधि, २०८१ को परिच्छेद ११ को दफा ११.१ तथा अनुसूचि ३ सँग सम्बन्धित)

## उपभोक्ता समिति र नगरपालिका बिचको सम्झौता–पत्र

## आयोजना सम्झौता फाराम

**मुसिकोट नगरपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र उपभोक्ता वा आयोजना कार्यान्वयन समिति**

**( यसपछि दोस्रो पक्ष भनिने) का बीच देहाय बमोजिमको शर्त पालना गर्नेगरी यो संझौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौ, दियौ ।**

**१.सम्झौता गर्ने पक्ष र आयोजना**

**क.आयोजना कार्यान्वयन समितिको तर्फबाट सम्झौता गर्ने आधिकारिक प्रतिनिधि**

**१. नाम:**

**२.पद: अध्यक्ष**

**३.ठेगाना:**

**ख.आयोजनाको विवरण:**

**१. नाम:**

**२. ठेगाना:**

**३. उद्देश्य:**

**४. आयोजना स्वीकृत गर्ने निकाय:**

**५. आयोजना शुरु मिति:**

**६. आयोजना सम्पन्न हुने मिति:**

**२.आयोजनाको लागत सम्बन्धी विवरण**

**क.लागत अनुमान रु.**

**ख.लागत व्यहोर्ने श्रोतहरु**

**१. नगरपालिका, नगरपालिकाबाट: रु. .............**

**२. समुदायमा आधारित संस्थाबाट: रु. ०.००**

**३. बिदेशी दातृ संघ संस्थाहरुबाट: रु. .............(स्थानीय पूर्वाधार सहयोग कार्यक्रम)**

मुसिकोट राजपत्र

**४. आयोजना कार्यान्वयन समितिबाटः रु. ०.००**

**५. गैर सरकारी संघ संस्थाबाटः रु. ०.००**

**६. अन्यबाटः रु. ०.००**

**ग.निर्माण सामाग्रीको विवरण**

**१. जम्माः**

**२. सामाग्रीको नाम र परिमाणः**

**४. स्रोत**

**१.नगरपालिकाबाटः**

**२.गैर सरकारी संघ संस्थाबाटः छैन**

**३.सामुदायिक संस्थाबाटः छैन**

**४.विदेशी दातृ संघ संस्थाबाटः स्थानीय पूर्वाधार सहयोग कार्यक्रम**

**५.आयोजना कार्यान्वयन समितिबाटः**

**६.अन्यबाटः**

**घ.आयोजनाबाट लाभान्वित हुने**

**१. घरपरिवार संख्याः**

**२. जनसंख्याः**

**३. समुदायः**

**४. दलितः**

**५. अन्यः**

**३.उपभोक्ता वा आयोजना कार्यान्वयन समिति सम्बन्धी विवरण**

**क. गठन भएको मितिः**

**ख. पदाधिकारीको नाम र ठेगानाः**

| *क्र.स.* | *पद* | *नाम, थर* | *ठेगाना* | *नागरिकता नं.* | *कैफियत* |
|---|---|---|---|---|---|
| *१* | *अध्यक्ष* | | | | |
| *२* | *सचिव* | | | | |
| *३* | *कोषाध्यक्ष* | | | | |

मुसिकोट राजपत्र

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | *सदस्य* | | | | |
| ५ | *सदस्य* | | | | |
| ६ | *सदस्य* | | | | |
| ७ | *सदस्य* | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**ग.आयोजना स्थलका लाभान्वित जनसंख्या**:

**घ.गठन गर्दा उपस्थित लाभान्वितको संख्या**:

४.आयोजना संचालन सम्बन्धी अनुभव :

५.आयोजनाको मर्मत सम्भारका लागि व्यहोर्ने व्यवस्था (मासिक, चौमासिक, वार्षिक)

क.मर्मत संभारको जिम्मा लिने समितिको नामः हालको उपभोक्ता समिति निर्माण पश्चात मर्मत संभार समितिको रुपमा रहनेछ ।

ख.जन–श्रमदान (श्रम शक्ति संख्या)

ग.सेवा– शुल्कबाटः रु.

घ.दस्तुर, चन्दाबाटः रु. ..........................

ङ.लागत सहभागिता वा अनुदानबाटः रु. ..........................

च.ब्याज वा अन्य बचतः रु. ..........................

६.अन्य प्राविधिक र व्यवस्थापन सम्बन्धी विवरण

क. निर्माण समूह बनाई कामको परिमाण दिईएको,

ख. वडा कार्यालयबाट दैनिक रेर्कड व्यवस्थापन, कार्य संचालन तथा रेखदेखका लागि प्राबिधिक कर्मचारीको ब्यवस्था भएको,

मुसिकोट राजपत्र

ग. समय समयमा नगरपालिका तथा वडा कार्यालयबाट प्राविधिक तथा अन्य प्रशासनिक कर्मचारी गएर अनुगमन तथा सुपरिवेक्षण गर्ने प्रर्वन्ध भएको,

घ. प्राथमिक उपचार, कामदारको विमा, सुरक्षण सामाग्री तथा हाते औजारहरुको व्यवस्थापन भएको,

ङ. कामदारहरुलाई कामको तथा कार्यक्रमको बारेमा विस्तृतमा जानकारी तथा अभिमुखिकरण भएको,

च. निर्माण कार्यको विचमा तथा कार्य सम्पन्न भए पश्चात कार्यको समीक्षा तथा सार्वजनिक परीक्षण गर्ने व्यवस्था गरिएको, र

छ. आयोजनाको सूचना पाटीको व्यवस्था भएको।

**७.सम्झौताका शर्तहरु**

१. आयोजनाको लागि व्यवस्था भएको रकम तथा निर्माण सामाग्री सम्बन्धित आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउने छौं।

२. आयोजना सम्पन्न भएपछि नगरपालिकाबाट जाँचपास गरी फरफारक लिनेछौं।

३. आम्दानी खर्चको विवरण र कार्य प्रगतिको जानकारी स्थानीय लाभान्वित समुदायलाई गराई आयोजना कार्यान्वयन उपभोक्ता समितिको बैठकमा छलफल निर्णय गरी अर्को किस्ता माग गर्नेछौं।

४. योजनाको काम समयमा नगरेमा वा गुणस्तरीय ढंगले नगरी कुनै हानी नोक्सानी भएमा सो को पूर्ण जिम्मेवारी उपभोक्ता समितिले लिनेछ र सो हानी नोक्सानी र क्षतिपूर्ति तिर्न÷बुझाउन यस समिति सहमत छ।

५. नगदी, जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा योजनाको प्रगति विवरण अभिलेख आदि उपभोक्ता समितिले तयार गरी राख्नेछौं।

६. आयोजनाको कूल लागत भन्दा घटी लागतमा योजना सम्पन्न भएको अबस्थामा सो मुताबिक नै नगरँपालिका वा नगरँपालिकाको नगद अनुदान र लागत सहभागिता एवं श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिन÷दिन सहमत छौं।

७. आयोजना संचालन गर्ने यस उपभोक्ता समितिले योजनाको मर्मत संभारको पनि व्यवस्था गर्ने छ।

८. आयोजनाको सबै काम उपभोक्ता समिति तथा कामदार समुहको निर्णयानुसार गर्ने गराउने छौं।

९. यो आयोजना मिति ............... देखि शुरु गरी.................... मिति सम्ममा पुरा गर्ने गराउने छौं।

१०. आयोजनाको चौमासिक र बार्षिक भौतिक तथा वित्तीय खर्चको विवरण नगरपालिका समक्ष समयमै पठाउने छौं।

११. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने आयोजना आफैले कार्यान्वयन नगरी ठेकदार मार्फत कार्यान्वयन गरेमा कानून बमोजिम कारबाही भोग्न र नगरपालिकाले योजना सम्झौता रद्ध गरेमा वा योजनाको कार्यको भुक्तानी नदिएमा यस उपभोक्ता समितिले कुनै प्रकारको दाबी गर्ने छैन।

१२. यो आयोजना सम्झौतामा तोकेको अवधि भित्र पूर्ण रुपमा सम्पन्न गर्नेछौं।

१३. अन्य शर्तहरु

क. मापदण्ड अनुसारको बाह्य निर्माण सामग्रिहरु नगरपालिकाबाट उपलब्ध हुनेमा सहमत छौ उपलब्ध सबै सामग्रिहरु गुणस्तरीय हुनुपर्नेछ।

ख. हाते औजार तथा सुरक्षाका सामग्रिहरु नगरपालिकाबाट उपलब्ध हुने छ। यी सामागीहरु काम सम्पन्न भए पश्चात नगरपालिकालाई फिर्ता गरिसकेपछि मात्र अन्तिम भुक्तानी हुनेमा सहमत छौ।

ग. योजना खातामा रहेका प्रावधानहरुलाई  सम्पूर्णमा कार्यन्वयनमा ल्याई दुरुस्त राख्नेछौ।

नोटः माथि उल्लेखित सम्पूर्ण शर्त तथा प्रावधानहरु कार्यान्वयन गर्न गराउन हामी मन्जुर छौं।

मुसिकोट राजपत्र

नगरपालिकाको तर्फबाट

दस्तखतः–

मितिः–

नामः–

पदः– प्रमुख प्रशासकीय अधिकृत

उपभोक्ता समितिको तर्फबाट

दस्तखतः–

मितिः–

नामः–

मुसिकोट राजपत्र

**अनुसूचि ३: सार्वजनिक परीक्षण प्रतिवेदन ढाँचा**

**मुसिकोट नगरपालिका, ............द्वारा**

**........................उपभोक्ता समिति मार्फत कार्यान्वयन ÷ संचालित**

**.............................आयोजनाको**

**सार्वजनिक परीक्षण फाराम**

**१. आयोजनाको विवरण**

**(क) आयोजनाको नामः** **(ख) ठेगानाः**

**(ग) लागत अनुमान रु.** **(घ) जम्मा खर्च रकम रु.**

**(ङ) आयोजना शुरु मितिः** **(च) आयोजना सम्पन्न मितिः**

**२. उपभोक्ता समिति सम्बन्धी विवरणः**

**(क) उपभोक्ता समितिको नामः**

**(ख) अध्यक्षको नामः**

**(ग) उपभोक्ता समितिका सदस्य संख्याः** **महिलाः**

**पुरुषः**

**(घ) आयोजना निर्माण कार्यमा संलग्न घरधुरी संख्याः**

**महिलाः पुरुषः दलितः क्षेत्री/ब्राह्मणः जनजातीः मधेसीः अन्यः**

**३. आम्दानी तथा खर्चको विवरणः**

**(क) आम्दानी तर्फ जम्माः**

| क्र.स. | आम्दानीको श्रोत (कहाँबाट कति नगद तथा जिन्सी प्राप्त भयो खुलाउने)<br>रकम वा परिमाण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**(ख) खर्च तर्फ जम्माः**



मुसिकोट राजपत्र

| क्र.स | खर्चको विवरण | दर रु. | परिमाण | जम्मा |
|---|---|---|---|---|
| १ | सामग्री के के खरिद भयो | | | |
| | | | | |
| | | | | |
| २ | ज्याला रकम कति तथा के के मा भुक्तानी भयो? | | | |
| | | | | |
| | | | | |
| ३ | सामग्री ढुवानी गर्दा के मा कति खर्च भयो? | | | |
| | | | | |
| | | | | |
| ४ | व्यवस्थापन खर्च कति के मा खर्च भयो? | | | |

**(ग) मौज्दात विवरणः**

| क्र.स. | विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| १ | नगरद विवरण | | |
| क | बैंक | | |
| ख | व्यक्तिगत जिम्मा | | |
| २ | सामाग्रीहरुको विवरण | | |
| क | | | |
| ख | | | |
| ग | | | |

**(घ) भुक्तानी दिन बाँकी विवरणः**

| क्र.स. | विवरण | रकम वा परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मुसिकोट राजपत्र

**४. सम्पन्न आयोजनाको लक्ष्य तथा प्रगति विवरण**

| क्र.स. | कामको विवरण | लक्ष | प्रगति | कैफि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**५. आयोजनाले पुऱ्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित घरधुरी तथा जनसंख्या (आयोजना संचालन भएको स्थानका उपभोक्ताहरु) को विवरणः**

| क्र.सं | जातजाति | घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | दलित | | | | |
| २ | ब्रामण/क्षेत्री | | | | |
| ३ | जनजाति | | | | |
| ४ | मधेसी | | | | |
| ५ | अन्य | | | | |

**(६) आयोजना संचालन गर्दा कामको जिम्मेवारी तथा बाँडफाँड सम्बन्धी विवरण (कस कसले कस्तो कस्तो कामको जिम्मेवारी लिएका थिए ? खुलाउने)**

| क्र.सं. | नाम थर | सम्पन्न गरेको कामको विवरण तथा जिम्मेवारी | कैफि |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**(७) सार्वजनिक परीक्षण कार्यमा उपस्थितिहरुको विवरणः**

| क्र.सं. | नाम थर | दस्तखत |
|---|---|---|
| | | |

मुसिकोट राजपत्र

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

द्रष्टव्यः सार्वजनिक परीक्षण कार्यक्रममा आयोजनासँग सम्बन्धित सरोकारवालाहरुको अनिवार्य उपस्थिति भएको हुनुपर्नेछ।

**तयार गर्नेः**

………………… ………………….

……………………

**कोषाध्यक्ष** **सचिव**

**अध्यक्ष**

**प्रमाणित गर्नेः**

**नाम थरः**

**पदः**

**कार्यालयः**

**दस्तखतः**

मुसिकोट राजपत्र

मुसिकोट राजपत्र

**अनुसूची ४ खर्च सार्वजनिक सूचना फाराम**

**(कार्यविधिको दफा १३ (६) सँग सम्बनिधत)**

**खर्च सार्वजनिक सूचना फाराम**

**मितिः २०८१।.....।....**

**१. आयोजनाको नामः** **२. आयोजना स्थलः**

**३. विनियोजित बजेटः** **४. आयोजना स्वीकृत भएको आ.व.:**

**५. आयोजना सम्झौता भएको मितिः** **६. काम सम्पन्न गर्नु पर्ने मितिः**

**७. काम सम्पन्न भएको मितिः** **८. उ.स. को बैठकले खर्च स्वीकृत गरेको मितिः**

**आम्दानी र खर्चको विवरण**

| **आम्दानी** | | **खर्च** | |
|---|---|---|---|
| **विवरण** | **रकम रु.** | **विवरण** | **रकम रु.** |
| प्रथम किस्ता | | | |

| | | | |
|---|---|---|---|
| दोस्रो किस्ता | | | |
| तेस्रो किस्ता | | | |
| जनश्रमदान | | | |
| वस्तुगत सहायता | | | |
| लागत सहभागिता | | | |
| | | | |

उपर्युक्तानुसारको आम्दानी तथा खर्च विवरण यथार्थ हो। यसमा सबै आम्दानी तथा खर्चहरु समावेश गरिएको छ। साथै उपभोक्ताहरुको प्रत्यक्ष सहभागितामा आयोजना कार्यान्वयन गरिएको छ। यसको एक प्रति वडा कार्यालयमा समेत पेश गरिएको छ।

............. .................

................

कोषाध सचिव

अध्यक्ष

मुसिकोट राजपत्र

## अनुसुची ५ आयोजना सूचना पाटी

### मुसिकोट नगरपालिको कार्यालय

**वडा नं...............मा गठन भएको...............................आयोजना उपभोक्ता समिति/ठेक्का मार्फत सञ्च**

**आयोजना सूचना पाटी**

**आयोजनाको विवरण:**

**१. आयोजनाको नाम:............................................ २. आयोजना स्थल: ........................**

**३. आयोजना शुरु मितिः ...................... ४. आयोजना सम्पन्न हुने मितिः............**

**४. आयोजना निर्माण मार्फत रोजगारी प्राप्त गर्ने जम्मा घरधुरी: ............. (क) महिला: ...... (ख) पुरुषः ......**

**(दलितः........, क्षेत्री/ब्राह्मण:.........., जनजाति:........., मुस्लिम:........, अन्य:..........)**

**५. आयोजनाबाट लाभान्वित जनसंख्या: ................ (क) महिला: ...... (ख) पुरुषः ......**

**(दलितः........, क्षेत्री/ब्राह्मण:.........., जनजाति:........., मुस्लिम:........, अन्य:..........)**

ा

ाट व्यहोर्ने रकमः रु..................... स्थानीय पूर्वाधार सहयोग कार्यक्रमबाट व्यहोर्ने रकमः .रु.............................

हभागिताबाट व्यहोर्ने रकमः रु.................. अन्यः रु......................................................

नित रकम/लागतः रु.............................

र्च विवरण

| रण | इकाई | दर | परिमाण | जम्मा रु. |
|---|---|---|---|---|
| मेन्ट | बोरा | | | |
| | के.जी. | | | |
| लुवा | घन मि | | | |
| ड्डी | घन मि | | | |
| ा | घन मि | | | |
| त कामदार | कार्य दिन | | | |
| दक्ष कामदार | कार्य दिन | | | |
| क्षा सामग्री तथा हाते औजार | लमसम | | | |
| भोक्ता समिति व्यवस्थापन खर्च { | लमसम | | | |

**वरण र भोतिक परिमाण:**

ाको पर्खालः................................, (ख) मेशनरी वा सिमेन्ट पर्खालः .................................. ,

ाविन कामः ........................., (घ) आर.सि.सी. कामः ..................................... ,

टो खन्ने÷पुर्ने कामः ........................, (च) अन्य कामः ................................,

मुसिकोट राजपत्र

मितिको विवरण:

समितिको नामः ..................................................., जम्मा संख्याः ........., महिलाः .........., पुरुष ः ..........

समितिको अध्यक्ष (नाम, थर, सम्पर्क नं.) ......................................

ञ्चालनार्थ आर्थिक सहायता प्रदायक निकाय:

ञ्चालनार्थ प्राविधिक सहायता प्रदायक निकाय:

को कार्यान्वयनका क्रममा जो कसैले कुनै पनि प्रकारको असामान्य व्यवहार गरेमा, अनैतिक अथवा गैहजिम्मेवारपूर्ण कार्य गरेको पाईएमा, दुरुपयो को भेटिएमा तथा नगरपालिका÷नगरपालिकाको स्थानीय पूर्वाधार एवं अन्य सेवा सम्वन्धी कुनै गुनासो तथा सुझाव भएमा तिनको उचित व्यवस्थापन र स् नि नं मा तुरुन्त सम्पर्क गर्न सकिने छ ।

शुल्क टोल फ्री नं. ......................., ईमेलः ...................

## अनुसूची ६: उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

## (कार्यविधिको दफा ७ (च) सँग सम्बन्धित

## उपभोक्ता समितिको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन

## विवरण पेश गरेको कार्यालय, .........................

**१. आयोजनाको विवरण**

**(क) आयोजनाको नामः वडा नं.: टोल/बस्तीः**

**उपभोक्ता समितिकाः अध्यक्षः**

**सचिवः**

**२. आयोजनाको कुल लागतः रु.**

**(क) प्राप्त अनुदान रकम रु................ (ख) सह–लगानी रकम रु................**

**(ग) जनसहभागिता रकम रु....................... (घ) अन्य रकम रु...........................**

**३. हाल सम्मको खर्च रकम रु....................**

**३.१. कार्यालयबाट प्राप्त रकम रु.:.........................**

**(क) ज्यालाः................ (ख) बाह्य निर्माण सामाग्रीः................ (ग) स्थानीय सामाग्रीः.............**

**(घ) सुरक्षाका सामाग्रीः....... (ङ) हाते औजारः............. (च) अन्यः.......................**

मुसिकोट राजपत्र

**३.२. जनसहभागिताबाट व्यहोरिएको खर्च रकम रु.....................**

**(क) श्रमदान वापतको रकम रु..................(ख) जिन्सी सामान मूल्य बराबरको रकम रु...................**

**(ग) अन्य रकम रु.....................**

**४. प्राविधिक प्रतिवेदन बमोजिम मूल्यांकन रकम रु. ..................**

**५. उपभोक्ता समितिको निर्णय बमोजिम ÷समीक्षाबाट खर्च देखिएको रकम रु.................**

**६. कार्यान्वयनमा देखिएका मुख्य समस्याहरु तथा समाधानः**

| **क्र.सं.** | **समस्या** | **समाधानका उपायहरु** |
|---|---|---|
| (क) | | |
| (ख) | | |
| (ग) | | |
| (घ) | | |

७. कार्यालयबाट तथा अन्य निकायबाट अनुगमन भए अनुगमनको सुझाबः

८. हाल माग गरेको किस्ता रकम रु...........

९. मुख्य खर्च प्रयोजनः

१०. प्राप्त रकम आयोजना बाहेक अन्य कार्यमा खर्च गर्ने गराउने छैनौ ।

.................. .................. .................. ..................

तयार गर्ने सचिव कोषाध्यक्ष अध्यक्ष

प्रमाणिकरण मिति
२०८१।११।९

आज्ञाले,
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत



मुसिकोट राजपत्र

मूल्य रू ३०

मुसिकोट राजपत्र